## तेस्रो बैठक

आज मिति २०८२।०६।१० गते शुक्रबारका दिन भूमिकास्थान नगरपालिकाका नगर प्रमुख श्री झविलाल थापाज्यूको अध्यक्षतामा देहायको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी तपसिल बमोजिम निर्णयहरु गरियो ।

### तपसिल

| सि.नं. | नाम थर | पद | ठेगाना | दस्तखत |
|---|---|---|---|---|
| १. | श्री झविलाल थापा | नगर प्रमुख | भुमिकास्थान नगरपालिका | |
| २. | श्री बालकृष्ण बन्जाडे | नगर उप-प्रमुख | भुमिकास्थान नगरपालिका | |
| ३. | श्री गोपाल प्रसाद खनाल | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भु.न.पा, वडा नं. १ | |
| ४. | श्री बुद्धि बहादुर थापा | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भु.न.पा, वडा नं. २ | |
| ५. | श्री कृष्ण प्रसाद बन्जाडे | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भु.न.पा, वडा नं. ३ | |
| ६. | श्री वाबुराम पन्थी सुनार | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भु.न.पा, वडा नं. ४ | |
| ७. | श्री जयगोपाल श्रेष्ठ | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भु.न.पा, वडा नं. ५ | |
| ८. | श्री ..प्रेम नारायण बेल्वासे | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भु.न.पा, वडा नं. ६ | |
| ९. | श्री रामचन्द्र ढुंगाना | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भु.न.पा, वडा नं. ७ | |
| १०. | श्री राजकुमार श्रेष्ठ | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भु.न.पा, वडा नं. ८ | |
| ११. | श्री खेमराज चुंदाली | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भु.न.पा, वडा नं. ९ | |
| १२. | श्री खगेश्वर पन्थी | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भु.न.पा, वडा नं. १० | |
| १३. | श्री खुमा वेल्वासे | नगर कार्यपालिका सदस्य | भुमिकास्थान नगरपालिका | |
| १४. | श्री केशरा परियार | नगर कार्यपालिका सदस्य | भुमिकास्थान नगरपालिका | |
| १५. | श्री तिर्था वेल्वासे | नगर कार्यपालिका सदस्य | भुमिकास्थान नगरपालिका | |
| १६. | श्री ठाकुर सौराग | नगर कार्यपालिका सदस्य | भुमिकास्थान नगरपालिका | |
| १७. | श्री विष्णु वि.क. | नगर कार्यपालिका सदस्य | भुमिकास्थान नगरपालिका | |
| १८. | श्री मान बहादुर सुनार | नगर कार्यपालिका सदस्य | भुमिकास्थान नगरपालिका | |
| १९. | गिता जि.एम. | नगर कार्यपालिका सदस्य | भुमिकास्थान नगरपालिका | |
| २०. | गिर बहादुर नेपाली | नगर कार्यपालिका सदस्य | भुमिकास्थान नगरपालिका | |
| २१. | श्री जगिदश चन्द्र नेपाली | सदस्य सचिव एवं प्रमुख प्रशासकीय अधिकृत | भुमिकास्थान नगरपालिका | |

CamScanner

| सि.नं. | नाम थर | पद | ठेगाना | दस्तखत |
|---|---|---|---|---|
| २२. | हरिश्चन्द्र गुराम | योजना शाखा प्रमुख | भूमिकास्थान नगरपालिका | |
| २३. | शेषकान्त घिमिरे | स.कम्प्यूटर अधिकृत | भूमिकास्थान नगरपालिका | |
| २४. | सुनिल पोखेल | स. लेखा अधिकृत | भूमिकास्थान नगरपालिका | |
| २५. | अशोक खनाल | जिन्सी शाखा प्रमुख | भूमिकास्थान नगरपालिका | |

**प्रस्तावहरु**

१. अघिल्लो बैंठकको समिक्षा सम्बन्धमा ।
२. अर्थमन्त्रालयको परिपत्र सम्बन्धमा ।
३. घुम्तिकोष परिचालन सम्बन्धमा ।
४. आयूर्वेदिक औषधी खरिद सम्बन्धमा ।
५. शुभकामना आदानप्रदान सम्बन्धमा ।
६. विविध ।

**निर्णय नं. १ :** प्रस्ताव नं. १ माथि छलफल गर्दा अघिल्लो बैंठकमा भएका निर्णयहरुको कार्यान्वयनको सन्दर्भमा व्यापक छलफल भयो र उक्त छलफलबाट अघिल्लो बैंठकका निर्णयहरुको कार्यान्वयनको अवस्था देहाय बमोजिम भएको पाईयो ।

- प्रदेश लोक सेवा आयोग, लुम्बिनी प्रदेश, बुटबलको को च.नं. १०२ मिति २०८२/०५/११ को माग आकृति फाराम पठाउने सम्बन्धी पत्रानुसार भूमिकास्थान नगर कार्यपालिकाको कार्यालय र अन्तर्गत रिक्त स्थायी पदहरुको माग आकृति फाराम भरि प्रदेश लोक सेवा आयोग, लुम्बिनी प्रदेश, बुटवलमा पठाउने निर्णय भए बमोजिमको कार्य भएको ।
- भूमिकास्थान नगरपालिकाको प्रशासकीय भवन निर्माणको डिपिआरको सम्बन्धमा बैंठकमा जानकारी भयो र सो सम्बन्धमा छलफल भै आएका सुझावहरुलाई समेत समेट्ने गरी लागत अनुमान तयार गरी खरिद प्रक्रीया अगाडी बढाउने निर्णय भए बमोजिम सूचना प्रकाशन भएको ।

**निर्णय नं. २ :** प्रस्ताव नं. २ माथी छलफल गर्दा नेपाल सरकार (मन्त्रिपरिषद) बाट मिति २०८२/०६/०५ गते भएको निर्णयका सन्दर्भमा अर्थ मन्त्रालय, सिंहदरबार, काठमाण्डौबाट मिति २०८२/०६/०७ गते प्रेषित प्रेष विज्ञप्ति बैठकमा प्रस्तुत भई जानकारी प्राप्त भयो ।

**निर्णय नं.३ :** चालु आ.व.२०८२/०८३ को बार्षिक नगर विकास योजनामा संघीय समानिकरण अनुदान तर्फबाट चालु आ.व.मै कार्यान्वयन हुनेगरी स्वास्थ्य शाखा तर्फ औषधी खरिद शीर्षकमा विनियोजित बजेटबाट यस नगरपालिकाको नागरिक आरोग्य केन्द्रमा आवश्यक पर्ने आयुर्वेदिक औषधी समेत खरिदका लागि रकम रु.३ लाख विनियोजन गर्ने ।

**निर्णय नं.४ :** यस नगरपालिकाको वडा नं. ७, ८ र ९ मा सञ्चालित गरिबसंग विश्वेश्वर कार्यक्रम अन्तर्गतको विउपूँजी चालुकोषको रकम सम्वन्धित संगठित समूहबाट कार्यालयमा फिर्ता भै सकेकोको बजेटलाई सम्बन्धित संगठित समूहहरुबाट माग भै आएमा भूमिकास्थान नगरपालिकाको घुम्तिकोष (विऊपूँजी चालुकोष) परिचालन सम्बन्धि कार्यविधी, २०७६ को परिधीभित्र रहि आ.ब.२०८२/०८३ मा विउपूँजी चालुकोषको रकम सम्वन्धित संगठित समूहलाई पुनः उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.५ :** २०८२ सालको आसन्न विजया दशमी, शुभ दिपावली, छठ पर्व लगायतका पर्वहरुले समस्त नगरबासीहरुमा सुःख, शान्ति, समृद्धि, सु-स्वास्थ्य र दीर्घायू प्रदान गरोस भन्ने कामनाका साथ शुभ-कामना आदान प्रदान गर्ने कार्य सम्पन्न भयो ।

**निर्णय नं.६ :** जेन्जी आन्दोलनमा गोली लागि मृत्यु भएका भूमिकास्थान नगरपालिका वडा नं. ४ निवासी श्री माधव सारु मगरलाई नगद रकम रु. १ लाख उपलब्ध गराउने निर्णय गरियो ।

CamScanner